# आमाछोदिङ्मो गाउँपालिका उपाध्यक्ष चण्डिका तामाङले गाउँसभाको २० औं अधिवेशनमा पेश गर्नु भएको

# आर्थिक वर्ष २०८३।८४ को वार्षिक

# बजेट वक्तव्य

आमाछोदिङ्मो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेसी, रसुवा ०५ असार २०८३

आमाछोदिङ्मो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

बुचुङ तामाङ
अध्यक्ष

CamScanner

**अब म आगामी आर्थिक वर्षको लागि तय गरिएका राजस्व सम्बन्धी व्यवस्था सभा समक्ष जानकारी गराउन चाहन्छु ।**

**चालू आर्थिक वर्ष र आगामी आर्थिक वर्षको लागि राजस्वको अनुमान**

- आगामी आर्थिक वर्षमा गाउँपालिकाबाट कुल **पचासी लाख पैसट्ठी हजार रूपैयाँ** राजस्व वापत आन्तरिक आम्दानी हुने प्रक्षेपण गरिएको छ ।
- चालू आर्थिक हालसम्म ३३ लाख ०६ हजार ९ सय पचासी रूपैयाँ मात्र राजस्व उठेको सभा समक्ष जानकारी गराउँदछु ।
- दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल तथा विधवा महिलाहरुलाई जुनसुकै प्रकारको व्यवसाय सञ्चालन गर्दा व्यवसाय दर्ता करमा तोकिएको दरमा ३३ प्रतिशत कर रकम छुटको व्यवस्था गरेको छु ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका तर हालसम्म गाँउपालिकामा दर्ता नभएका पसल, होटल, घरेलु उद्योग र ढुवानी व्यवसायहरूलाई अनिवार्य रूपमा स्थानीय तहको व्यवसाय करको दायरामा ल्याइनेछ । तोकिएको अवधि भित्र दर्ता हुन आउनेलाई जरिवाना वापतको सबै रकम छुटको व्यवस्था गरेको छु ।
- चालू आर्थिक वर्ष देखि नै सबैभन्दा वढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यको थालनी गरी आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष तथा सभाका सदस्य ज्यूहरू,**

आगामी आर्थिक वर्ष २०८३/८४ को लागि प्रस्तुत गरिएको यो बजेट तथा कार्यक्रमले यस गरिमामय गाउँसभाबाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रमलाई पूर्ण रूपमा कार्यान्वयन गर्न कोसेढुङ्गा साबित हुने दृढ विश्वास मैले लिएको छु । विनियोजन गरिएको बजेटको पारदर्शी र प्रभावकारी कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो महिना साउन भित्रै विस्तृत कार्यान्वयन कार्ययोजना तयार गरी द्रुत गतिमा काम अगाडि बढाइनेछ ।

अन्त्यमा,

यस गाउँपालिकाको समृद्धिको आधार स्तम्भ तयार पार्ने बजेट निर्माण प्रक्रियामा अमूल्य राय, सुझाव र निरन्तर सहयोग पुऱ्याउनु हुने आदरणीय गाउँपालिका अध्यक्ष ज्यू, कार्यपालिकाका सदस्य ज्यूहरू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारी ज्यूहरू, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज, बुद्धिजीवी, सुरक्षा निकाय, सञ्चारकर्मी र आम आमाछोदिङमो गाउँपालिकावासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक कृतज्ञताका साथ धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

बुद्ध तामाङ
अध्यक्ष

## ६. पूर्वाधार विकास, व्यवस्थित वस्ति विकास तथा पर्यटकीय योजनाहरू

गाउँपालिकाको मौलिक पहिचान जोगाउन र दिगो पूर्वाधार निर्माणका लागि पूँजीगत कार्यक्रम तर्फ कुल **बजेटको ४५ प्रतिशत भन्दा कम नहुने गरी** विनियोजन गरेको छ।

- गाउँपालिकाको ऐतिहासिक गौरव र पर्यटकीय आकर्षणको केन्द्र **"बुद्धपार्क बुट्टा व्यवस्थापन"** का लागि **तीस लाख रुपैयाँ** बजेट विनियोजन गरेको छ।
- पर्यटकीय क्षेत्र सुदृढीकरण र आवतजावत सहज बनाउन **"छुर्यतेन देखि गोल्जुङवस्ती सम्म सडक स्तरोन्नति"** का लागि **तीस लाख रुपैयाँ** विनियोजन गरेको छ।
- गाउँपालिकाको मुख्य बजार क्षेत्रको सौन्दर्यीकरण र पर्यटकमैत्री सुविधाका लागि **"थाम्बुचेत बजार सडक लाइट पोल तथा पार्क आर्ट व्यवस्थापन"** का लागि **चालीस लाख रुपैयाँ** विनियोजन गरेको छ।
- खेलकुद पूर्वाधार विकासका लागि **"वडा नं २ मा वडाको नाममा रहेको जग्गामा खेलकुद ग्राउण्ड निर्माण"** गर्न **पच्चिस लाख रुपैयाँ** विनियोजन गरेको छ।
- विभिन्न आयोजना तथा विकास निर्माणको पुँजीगत दायित्व भुक्तानीको लागि आवश्यक बजेट व्यवस्था गरेको छ।

## ७. वातावरण, विपद् व्यवस्थापन

- जैविक इन्जिनियरिङ प्रविधि (बायो-इन्जिनियरिङ) मार्फत भू-क्षय तथा पहिरो नियन्त्रण गर्न **दस लाख रुपैयाँ** विनियोजन गरेको छ।
- विपद् व्यवस्थापन र मनसुन जन्य आकस्मिक प्रकोप प्रतिकार्यका लागि सामग्री खरिद र राहत कोष तथा कार्यक्रम सञ्चालनका लागि कुल **पैंतालीस लाख रुपैयाँ** सुरक्षित राखेको छ।
- आकस्मिक उद्धारका लागि **सबै वडामा हेलिप्याड निर्माण"** का लागि **तेईस लाख रूपैयाँ** बजेट विनियोजन गरेको छ।
- दिगो फोहोरमैला व्यवस्थापनका लागि **आवश्यक बजेट विनियोजन गरेको छ।**

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङबेसी, रसुवा बागमती प्रदेश, नेपाल

छुचुङ तामाङ
अध्यक्ष

CamScanner

## २. स्वास्थ्य, मातृशिशु तथा पोषण

नागरिकको आधारभूत स्वास्थ्य सेवाको अधिकार सुनिश्चित गर्न र स्थानीय अस्पताललाई भरपर्दो बनाउन आकस्मिक स्वास्थ्य सेवा र औषधी खरिद समेतका लागि स्वास्थ्य शाखा तर्फ कुल **तिन करोड पचास लाख रूपैयाँमा** नघटने गरी बजेट प्रबन्ध गरेको छु ।

- गाउँपालिका मातहतका स्वास्थ्य संस्थाहरूमा अत्यावश्यक औषधि तथा औषधीजन्य सामग्रीहरू निशुल्क व्यवस्था गर्नको लागि **अठ्ठाईस लाख रुपैयाँ** विनियोजन गरेको छु ।
- 'शून्य होम डेलिभरी' र सुरक्षित मातृत्वको लक्ष्य प्राप्तिका लागि स्वास्थ्य संस्थामा सुत्केरी गराउने आमाहरूलाई स्थानीय चोयाको कोक्रो (छाङ्बु), अण्डा र क्याल्सियम वितरणका लागि **तीन लाख रुपैयाँ** बजेट विनियोजन गरेको छु ।
- नसर्ने रोगहरूको पहिचानका लागि घरदैलो NCD स्क्रिनिङ तथा घरदैलोमा ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गर्नका लागि **सात लाख रुपैयाँ बजेट** विनियोजन गरेको छु ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको मनोबल उच्च राख्न, तालिम तथा मासिक रिपोर्टिङबापत परिवहन खर्च व्यवस्थापनका लागि थप **दुई लाख रुपैयाँ** छुट्याएको छु ।
- **'उपाध्यक्षसँग गर्भवती महिला' कार्यक्रम** अन्तर्गत सुत्केरी हुन स्वास्थ्य संस्थासम्म पुग्न र ल्याउन निःशुल्क एम्बुलेन्सको व्यवस्था सुनिश्चितताका लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

## ३. कृषि, पशुपालन तथा आर्थिक विकास क्षेत्र

"एक वडा, एक व्यावसायिक कृषि उत्पादन" को अवधारणा साकार पार्न र स्थानीय बाली संरक्षणका लागि कृषि तथा पशु सेवासँग सम्बन्धित कार्यक्रम सञ्चालनको लागि कुल **एक करोड पचास लाख रूपैयाँ** विनियोजन गरेको छु ।

- रसायनिक मल तथा विषादी न्यूनीकरण गर्दै गाउँपालिकालाई अर्गानिक क्षेत्र घोषणा गर्ने पूर्वाधार तयार गर्न प्राङ्गारिक कृषि कार्यक्रमका लागि **पाँच लाख रुपैयाँ** विनियोजन गरेको छु ।
- स्थानीय आलु, सिमी, मह तथा चौंरीको छुर्पी/घ्यूको ब्रान्डिङ तथा बजार विस्तारका आवश्यक बजेट विनियोजन गरेको छु ।
- कृषकहरूलाई व्यावसायिक बनाउन मौसमी तरकारी बीउ खरिद तथा वितरणका लागि **आठ लाख रुपैयाँ** र आधुनिक तरकारी खेती सम्बन्धी तालिमका लागि **पाँच लाख रुपैयाँ** छुट्याएको छु ।

आगामी आर्थिक वर्षको बजेटको स्रोतको विस्तृत विवरण सभा समक्ष पेश गर्न चाहन्छु:

| स्रोत समूह | बजेटको स्रोत | जम्मा बजेट (अङ्कमा) | बजेट (अक्षरमा) |
|---|---|---|---|
| सङ्घीय सरकार | सङ्घीय सशर्त चालू | रु. ९,४५,००,००० ।- | नौ करोड पैंतालीस लाख रुपैयाँ |
| | सङ्घीय समानिकरण | रु. ८,१६,००,००० ।- | आठ करोड सोर लाख रुपैयाँ |
| | सङ्घीय समपुरक अनुदान | रु. ५५,००,००० ।- | पच्चपन्न लाख रुपैयाँ |
| | सङ्घीय राजस्व बाँडफाँड | रु. ९,३९,००,००० ।- | नौ करोड उनन्चालीस लाख रुपैयाँ |
| बागमती प्रदेश सरकार | प्रदेश सशर्त अनुदान | रु. ९३,०४,००० ।- | त्रियानब्बे लाख चार हजार रुपैयाँ |
| | प्रदेश समानिकरण अनुदान | रु. ५९,६५,००० ।- | उनन्साठ्ठी लाख पैंसठ्ठी हजार रुपैयाँ |
| | प्रदेश राजस्व बाँडफाँड | रु. २,८६,००,००० ।- | दुई करोड छयासी लाख रुपैयाँ |
| | प्रदेश समपुरक अनुदान | रु. ७०,००,००० ।- | सत्तरी लाख रुपैयाँ |
| | प्रदेश विशेष अनुदान | रु. ७०,००,००० ।- | सत्तरी लाख रुपैयाँ |
| आमाछोदिङमो गाउँपालिका | प्राकृतिक स्रोत रोयल्टी बाँडफाँड | रु. २,००,००,००० ।- | दुई करोड रुपैयाँ |
| | आन्तरिक आय | रु. ८५,६५,००० ।- | पचासी लाख पैंसठ्ठी हजार रुपैयाँ |
| | अघिल्लो वर्षको मौज्दात | रु. ९०,००,००० ।- | नब्बे लाख रुपैयाँ |
| कुल जम्मा | | रु. ३७,०९,३४,००० ।- | **सैंतीस करोड नौ लाख चौंतीस हजार रुपैयाँ** |

**सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत प्राथमिकताका आधारमा गाउँस्तर र विषयगत शाखाहरूबाट छनौट भई आएका कार्यक्रमहरूमा विनियोजन भएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

CamScanner

**आमाछोदिङमो गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को वार्षिक बजेट वक्तव्य**

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्य ज्यूहरू,**

**सभामा उपस्थित सम्पूर्ण कर्मचारी,**

**पत्रकार, सुरक्षाकर्मी एवम् विशिष्ट महानुभावहरू ।**

यस गरिमामय सभामा गाउँपालिका उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । यस महत्वपूर्ण समयमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र सामाजिक रूपान्तरणको महान् आन्दोलनमा आफ्नो अमूल्य प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, यस ऐतिहासिक परिवर्तनको दिशामा मार्गनिर्देश गर्ने अग्रजहरू प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

बजेट तर्जुमा गर्दा मैले मूलतः सङ्घीय र प्रादेशिक सरकारको नीति तथा कार्यक्रम, यस सभाका सभा अध्यक्ष ज्यूले पेश गर्नु भएको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम, चालू पञ्चवर्षीय योजना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दिगो विकास लक्ष्य, मध्यकालीन खर्च संरचना र आम नागरिक, राजनीतिक दल तथा विद्वत वर्ग लगायत सबै बाट प्राप्त रचनात्मक सुझावलाई मूल आधार बनाएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म विगत आर्थिक वर्षको यथार्थ आयको विवरण र चालू आर्थिक वर्षको हालसम्मको आम्दानी प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०८१/८२ मा गाउँपालिकामा सङ्घीय सरकार, बागमती प्रदेश सरकार, गाउँपालिकाको आन्तरिक आय र अघिल्लो आर्थिक वर्षको मौज्दात समेत गरी कुल ३२ करोड ४९ लाख ९५ हजार २३८ रुपैयाँ यथार्थ आम्दानी भएको व्यहोरा सभा समक्ष जानकारी गराउँछु । यसैगरी चालू आर्थिक वर्ष २०८२/८३ को लागि गाउँसभाबाट रु. ४४करोड ०२ लाख ९ हजार अनुमान गरिएकोमा हाल सम्मको खुद आम्दानी रु. ४० करोड ८८ लाख ८७ हजार ७९१ रुपैयाँ भएको सभा समक्ष जानकारी गराउँछु ।

चालू आर्थिक वर्षको हालसम्म ५६.८२ प्रतिशत चालू खर्च र १३.७ प्रतिशत पुँजीगत खर्च भएको छ । योजना तथा कार्यक्रम कार्यान्वयनको मुख्य समय पौष महिना देखि चैत्र मसान्त सम्म कार्यालयको आर्थिक प्रशासन शाखामा

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्ष

## ८. प्रशासनिक, कार्यालय सञ्चालन तथा राजस्व सुशासन

- गाउँपालिका तथा वडा कार्यालयहरूको प्रशासनिक सञ्चालन, जनप्रतिनिधिहरूको सेवा सुविधा र कर्मचारीहरूको पारिश्रमिक लगायतका चालू प्रशासनिक खर्चका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- आन्तरिक राजस्व वृद्धि, करदाता शिक्षा र सुशासनका लागि बजार अनुगमनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- आर्थिक वर्षको श्रावण महिना देखि सबै विद्यालयहरूमा डिजिटल हाजिरी जडान गर्नका लागि **छ लाख रूपैया** बजेट विनियोजन गरेको छु ।
- सबै कर्मचारीहरूलाई १० प्रतिशत तलव वृद्धि तथा १० प्रतिशत प्रोत्साहन भत्ताको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- सबै करार कर्मचारीहरूलाई सामाजिक सुरक्षाकोषमा आवद्ध गराउदा कार्यालयले थप गर्नु पर्ने दायित्व रकम को लागि **पैंतालिस लाख रूपैयाँ** बजेट विनियोजन गरेको छु ।

## ९. वडागत योजना तथा कार्यक्रमहरू

वडा कार्यसमितिहरूबाट स्थानीय आवश्यकताका आधारमा छनौट भई आएका योजनाहरू कार्यान्वयन गर्न ५ वटै वडाहरूका लागि कुल **दुई करोड एघार लाख पचास हजार रुपैयाँ** विनियोजन गरिएको छ । जसमा मुख्य आकर्षक तथा जनमुखी योजनाहरू देहाय बमोजिम रहेका छन्:

- **वडा नं १:** दलदुङ्गा खोलामा फलामे पुल निर्माणका लागि **दस लाख रुपैयाँ ।**
- **वडा नं २:** नेसिङ सामुदायिक स्वास्थ्य इकाई व्यवस्थापनका लागि **दस लाख रुपैयाँ** र ग्रे अगुवा सांस्कृतिक भवन निर्माणका लागि **उन्नाइस लाख रुपैयाँ** ।
- **वडा नं३ ४ र ५:** वडा स्तरका रणनीतिक कृषि सडक, गोरेटो बाटो मर्मत, खानेपानी मुहान संरक्षण तथा सांस्कृतिक गुम्बा मर्मत र प्राचीन सम्पदा संरक्षणका लागि आवश्यक बजेट विनियोजन सुनिश्चित गरेको छु ।

**गाउँसभाका अध्यक्ष तथा सदस्य ज्यूहरू,**

माथि उल्लेखित योजना बाहेकका योजना तथा कार्यक्रमहरूको विस्तृत विवरण अनुसूचीमा उल्लेख गरेको छु ।

**गाउँसभाका अध्यक्ष तथा सदस्य ज्यूहरू,**

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

बुद्ध तामाङ
अध्यक्ष

CamScanner

- कृषि उत्पादनमा ह्रास आउन नदिन रोग/किरा नियन्त्रण कार्यक्रमका लागि **पाँच लाख रुपैयाँ** विनियोजन गरेको छु ।

**४. रोजगार तथा लघु उद्यम विकास क्षेत्र**

बेरोजगार युवाहरूको लगत समेटिएको 'श्रम बैंक' स्थापना गरी युवा स्वरोजगार प्रवर्द्धन गर्न र उद्यमशीलता विकासका लागि कुल **एक करोड रूपैयाँ** भन्दा कम नहुने गरी कार्यक्रमहरू तय गरेको छु

- उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना, सीप विकास तथा न्यूनतम रोजगारी प्रत्याभूतिका लागि लागत साझेदारी सहित **एक्काईस लाख छब्बिस हजार रुपैयाँ** बजेट विनियोजन गरेको छु ।
- न्यूनतम रोजगारी कार्यक्रम अन्तर्गत स्थानीय श्रमिकहरू परिचालन गरी हाकुवेसी देखि ठूलो हाकु गोंरेटो बाटो निर्माणका लागि **पाँच लाख रुपैयाँ** विनियोजन गरेको छु ।
- स्थानीय जडिबुटी तथा खाद्य कच्चा पदार्थको प्रवर्द्धन गर्न "सिस्नो प्याकिङ ब्रान्डिङ तथा परिकार निर्माण सम्बन्धी तालिम" का लागि **पाँच लाख रुपैयाँ** विनियोजन गरेको छु ।
- वैदेशिक रोजगारलाई सुरक्षित बनाउन र मानसिक स्वास्थ्य सम्बन्धी सचेतनामूलक तथा परामर्श सेवा उपलब्ध गराउन आवश्यक बजेटको प्रबन्ध गरेको छु ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत घरधुरी सर्वेक्षण, सीप विकास, व्यवसाय सुरु तथा सचेतना तालिमका लागि कुल **चौबिस लाख रुपैयाँ** विनियोजन गरेको छु ।

**५. महिला, बालबालिका, अपाङ्गता, सामाजिक समावेशीकरण तथा न्यायिक क्षेत्र**

- ८० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरूको सामाजिक संरक्षण र सम्मान, अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र परिचयपत्र वितरणका साथै मागमा आधारित सामग्री वितरणका लागि **आवश्यक बजेट** विनियोजन गरेको छु ।
- स्थानीय राडी, पाखी तथा गलैंचा बुन्ने परम्परागत सीपलाई आधुनिक मेसिनरीसँग जोडी उत्पादकत्व बढाउन सीपमूलक तालिम कार्यक्रमका लागि **आवश्यक बजेट** विनियोजन गरेको छु ।
- महिलाहरूको आर्थिक सशक्तीकरणका लागि हस्तकला सीप प्रतियोगिता कार्यक्रमका लागि **एक लाख रुपैयाँ** विनियोजन गरेको छु ।
- न्यायिक समितिको कामलाई सुदृढ गर्न, बालविवाह र लैंगिक हिंसा विरुद्ध वडा स्तरमा मेलमिलाप केन्द्रहरू सक्रिय बनाउन र कानुनी सचेतना कक्षा सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

अध्यक्ष सामाङ

CamScanner

## १. शिक्षा, युवा तथा खेलकुद

गाउँपालिका भित्रका विद्यालयहरूमा सङ्घीय ससर्त अनुदान मार्फत प्राप्त कार्यक्रम सञ्चालनको लागि ६ करोड २० लाख रूपैयाँ बजेट प्राप्त भएकोमा गुणस्तरीय शिक्षाको पहुँच र "Zero Dropout" अभियान सफल बनाउन थप **दुई करोड रुपैयाँ गाउँपालिका तर्फबाट** विनियोजन गरी **कुल ८ करोड २० लाख रूपैयाँ** विनियोजन गरेको छु। यस अन्तरगत

- आधारभूत तहमा तामाङ मातृभाषा प्रवर्द्धन गर्न, दरबन्दी नभएका विद्यालयमा शिक्षक पारिश्रमिक र महिला शिक्षकहरू सुत्केरी भई विदामा बस्दा शैक्षिक क्षति न्यूनीकरण गर्न सट्टा शिक्षकको व्यवस्थापनका लागि **चालीस लाख रुपैयाँ** विनियोजन गरेको छु।

- प्रारम्भिक बाल विकास (ECD) सहजकर्ताहरू र विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरूको न्यूनतम पारिश्रमिक सुनिश्चितताका लागि स्थानीय तहबाट थप तलब भत्ता अनुदान स्वरूप **चालीस लाख रुपैयाँ** विनियोजन गरेको छु।

- "एक विद्यालय, एक सङ्ग्राहालय" कार्यक्रमको शुरूवात गर्नको लागि नेरामावि माविलाई आवश्यक बजेट विनियोजन गरेको छु।

- राष्ट्रपति रनिङशिल्ड तथा पालिका स्तरिय खेलकुद प्रतियोगिताका लागि **बीस लाख रुपैयाँ** विनियोजन गरेको छु।

- उत्कृष्ट कार्यसम्पादन गर्ने प्रअ, शिक्षक र उत्कृष्ट विद्यार्थीहरूका लागि "आमाछोदिङमो शिक्षा पुरस्कार" कार्यक्रम मार्फत सम्मानका लागि **(तीन लाख रुपैयाँ)** बजेट छुट्याएको छु।

- सामूदायिक विद्यालयहरूको लागि विद्युत महसुल अनुदानमा **दुई लाख पचास हजार रुपैयाँ**, गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलाप र प्रतिभा पहिचानका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

- विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोग बढाउन यस वर्ष थप ८ वटा स्मार्ट बोर्डको व्यवस्था सुनिश्चित गर्दै सूचना प्रविधि पूर्वाधारको क्षेत्रमा आवश्यक बजेट विनियोजन गरेको छु।

- विद्यालयको भौतिक सुदृढीकरण तर्फ **छयालिस लाख रूपैयाँ** बजेट विनियोजन गरेको छु।

CamScanner

कर्मचारी अभाव हुँदा योजना तथा कार्यक्रमको चालू तथा पूँजीगत खर्चको प्रगति गत वर्षको तुलनामा कम भएको सभा समक्ष जानकारी गराउँदछु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका मुख्य उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । "कृषि, पर्यटन, उर्जा र पूर्वाधारः समृद्ध आमाछोदिङमो निर्माणको मूल आधार" भन्ने दीर्घकालिन लक्ष्य हासिलका लागि बजेटका उद्देश्यहरू देहाय बमोजिम तय गरिएका छन्:

- उत्पादन, उत्पादकत्व र रोजगारी सिर्जना गर्नु ।
- स्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी गरिबी निवारणमा योगदान गर्नु ।
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधारको विकास मार्फत समृद्ध र सबल गाउँपालिका निर्माणको लक्ष्य हासिल गर्नु ।
- सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउन आवश्यक संस्थागत तथा संरचनागत सुधार गर्नु ।

बजेटका मुख्य प्राथमिकताहरू देहाय अनुसार निर्धारण गरिएको छ:

- शिक्षा, स्वास्थ्य, सांस्कृतिक सम्पदाको संरक्षण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ।
- "एक वडा, एक व्यावसायिक कृषि उत्पादन" मार्फत कृषि र पर्यटन क्षेत्रको विकास, आर्थिक समृद्धि तथा रोजगारी ।
- गुणस्तरीय भौतिक पूर्वाधार, ग्रामीण सडक तथा पैदल मार्गहरूको निर्माण र स्तरोन्नति ।
- वन तथा वातावरण संरक्षण, जैविक विविधता, जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन ।
- संस्थागत क्षमता विकास, राजस्व परिचालन, बेरुजु फर्स्यौट र सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग

**सभाध्यक्ष एवम् सभाका सदस्य ज्यूहरू,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को अनुमानित आयको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्ष २०८३/८४ को लागि सङ्घीय सरकार, प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड र गाउँपालिकाको आन्तरिक आम्दानी तथा विभिन्न रोयल्टीबाट प्राप्त रकम समेत गरी कुल अनुमानित आय **सैंतीस करोड नौ लाख चौंतीस हजार रुपैयाँ मात्र (रु. ३७,०९,३४,००० ।–)** रहेको सभा समक्ष जानकारी गराउँदछु ।

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेसी, रसुवा
बागमती प्रदेश, नेपाल

छुछुङ तामाङ
अध्यक्ष

CamScanner